# मायादेवी साझेदारी वन उपभोक्ता समुह

**बाणगंगा न.पा-१०, पटना, कपिलवस्तु**

## बोलपत्रद्वारा काठ/दाउरा लिलाम विक्रीको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२८)**

दिनेश प्रसाद कलवार (जयसवाल)
अध्यक्ष
मायादेवी साझेदारी वन उपभोक्ता समूह
बा.न.पा.-१०, पटना, कपिलवस्तु

मायादेवी साझेदारी वन उपभोक्ता समुहको वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा स्वीकृत वन कार्ययोजना अनुसार **पिपरा खण्डको** पुनरुत्पादन कटान C1S4 र ढलापडा कटान प्लटको रुखहरु कटानबाट उत्पादन भई वाडफाँडबाट समूहको भागमा परेको बाणगंगा न.पा.-२, पिपरा कपिलवस्तु स्थित घाटगद्दीमा राखिएको तपसिलमा उल्लेखित परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो प्रथम पटक सूचना प्रकाशित गरिएको छ । साथै संक्षिप्त **सूचना मिति २०८३/०६/२८ गतेको मेचीकाली सन्देश राष्ट्रिय दैनिक पत्रिकामा** प्रकाशित गरिएको छ । काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनि प्रचलित कानुन बमोजिम दर्ता भएको साथै मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बरमा दर्ता भई डिभिजन वन कार्यालयमा सूचीकृत भएका इच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले **२१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे सम्म गोप्य सिलवन्दी बोलपत्र दाखिला** गर्न आव्हान गरिन्छ ।

**वन पैदावारको विवरण**

| लट नं | जात | ग्रेड | थान | कुल परिमाण (क्यू.फि.) | प्रति ईकाइ दर रु. | न्युन्तम मुल्यांकन | उत्पादन प्लट र बर्ष | घाङ्ग नं. | नापी लगत | प्रकार | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | असना | A | ४ | ४८.७६ | ४०० | १९५०४ | ढलापडा २०८२/०८३ | ३२, ३६ | | RF -C1S4, FT | |
| | | B | १० | ९६.८६ | ३०० | २९०५८ | | | | | |
| | | C | १३ | ५४.४८ | १०० | ५४४८ | | | | | |
| | बाँझि | N | ३२ | १४७.५८ | १०० | १४७५८ | | | | | |
| | जामुन | N | १ | ४.३८ | १०० | ४३८ | | | | | |
| | जिगंट | N | १० | ४६.५४ | १०० | ४६५४ | | | | | |
| | कुसुम | N | ५ | ३०.७५ | १०० | ३०७५ | | | | | |
| | क्यामुन | N | ७ | २०.६८ | १०० | २०६८ | | | | | |
| | साल | A | ९ | १४३.५६ | १२५० | १७९४५० | | | | | |
| | | B | ३० | २३५.३६ | ९०० | २११८२४ | | | | | |
| | | C | ६४ | २६६.५३ | ६०० | १५९९१८ | | | | | |
| | | D | ३ | ४.८ | ३०० | १४४० | | | | | |
| जम्मा | | | १८८ | ११००.२८ | ६३१६३५ | | | | | | |
| २ | कर्मा | B | १४ | ३६१.१९ | ३०० | १०८३५७ | | ६५, ३५ | | RF -C1S4, FT | |
| | | C | ३८ | ३१५.०४ | १०० | ३१५०४ | | | | | |
| | साल | A | ७ | ९०.३३ | १२५० | ११२९१२.५ | | | | | |
| | | B | १८ | १३३.९१ | ९०० | १२०५१९ | | | | | |
| | | C | ६२ | २२२.४३ | ६०० | १३३४५८ | | | | | |
| | | D | १२ | २२.४२ | ३०० | ६७२६ | | | | | |
| जम्मा | | | १५१ | ११४५.३२ | ५१३४७६.५ | | | | | | |

मायादेवी साझेदारी वन उपभोक्ता समूह MCFUG पटना, कपिलवस्तु

दिनेश प्रसाद [illegible]
अध्यक्ष
मायादेवी साझेदारी वन उपभोक्ता समूह
न.पा.-१०, पटना, कपिलवस्तु

| लट नं | जात | ग्रेड | थान | कुल परिमाण (क्यू.फि.) | प्रति ईकाइ दर रु. | न्युन्तम मुल्यांकन | उत्पादन प्लट र वर्ष | धाद्द नं. | नापी लगत | प्रकार | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | साल | A | ८ | १११.३ | १२५० | १३९१२५ | पुनरुत्पादन कटान CIS4, ढलापडा २०८२/०८३ | ६२, ३७, ३८ | | FT | |
| | | B | ३६ | २६९.९७ | ९०० | २४२९७३ | | | | | |
| | | C | १५४ | ५६९.२४ | ६०० | ३४१५४४ | | | | | |
| | | D | १७ | ३१.४९ | ३०० | ९४४७ | | | | | |
| | तेंदु | N | ६ | ३९.१३ | १०० | ३९१३ | | | | | |
| | क्यामुन | N | ५७ | २३७.३ | १०० | २३७३० | | | | | |
| | कर्मा | N | १ | १.९५ | १०० | १९५ | | | | | |
| | वोटधईरो | N | ७ | १७.२७ | १०० | १७२७ | | | | | |
| | भलायो | N | १ | ३.६५ | १०० | ३६५ | | | | | |
| | वर्रो | N | १ | ४.०१ | १०० | ४०१ | | | | | |
| | बाँझि | N | २२ | १२४.३२ | १०० | १२४३२ | | | | | |
| | जिगंट | N | ३३ | १०६.८३ | १०० | १०६८३ | | | | | |
| जम्मा | | | ३४३ | १५१६.४६ | ७८६५३५ | | | | | | |

१) बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समयः **मिति २०८३/७/१७ गते, समय ५:०० वजे सम्म । (कार्यालय समय भित्र)।**

२) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः **मिति २०८३/७/१८ गते, समय दिनको १२:०० बजेसम्म ।**

३) बोलपत्र फारम खरिद गर्ने स्थान र दस्तुरः बोलपत्र फारम प्रति लटको रु. १०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समुहको कार्यालय वा डिभिजन वन कार्यालय, कपिलवस्तु (कपिलवस्तु), तौलिहवाबाट खरिद गर्न सकिने छ ।

४) बोलपत्र फारम दाखिला गर्ने स्थानः मायादेवी साझेदारी वन उपभोक्ता समुहको कार्यालय, बाणगंगा न.पा.-१०, कपिलवस्तुमा बोलपत्र सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ ।

५) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको **कृषि विकाश बैंक, पकडी शाखा, कपिलवस्तुमा** रहेको **चल्ती खाता नं. ०४२७५०१४१०४४६०१४** मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक जमानत/ग्यारेन्टि पेश गरेको हुनु पर्ने छ ।

६) लिलाम विक्री हुने वन पैदावार कार्यालय खुलेको **समयभित्र यस समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।**

७) **लिलाममा भाग लिन ईच्छुक काठ/दाउरामा आधारित उद्योगहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ताको प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।**

८) **निर्धारित गरिएको न्यूनतम संख्याको र रीतपुर्वक पर्न आएका सबै बोलपत्रहरु मिति २०८३/०७/१८ गते दिउँसो ३:०० वजे समुहको कार्यालयमा साक्षीहरुको रोहवरमा खोलिनेछ।**

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र बोलपत्रदाताले सकार गरेका रकम, संकलन खर्च तथा निर्धारित मुल्य अभिबृद्धि कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ । तोकिएको समयभित्र सकार रकम, संकलन खर्च, मु.अ.कर र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी रकम जफत गरी नियमानुसार गरिनेछ ।

१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । टिपेक्स लागेको पाइएमा मुल्यांकनमा समावेश गरिने छैन ।

११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहमा हुनेछ ।

१२) बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा क्रमशः सोहि बमोजिम हुनेछ ।

१३) खाम सिलवन्दी नभइ प्राप्त हुन आएको वोलपत्र मान्य हुने छैन।

१४) एउटा व्यक्तिले एउटा फर्म, उद्योगको तर्फबाट मात्र निवेदन लिएर बोलपत्र फाराम खरिद तथा दाखिला गर्न पाउने छ । फर्म, उद्योगको सक्कल आधिकारिक प्रतिनिधि पत्र वा नोटरी पब्लिक वाट प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ । एउटै व्यक्तिले कुनै लटमा एक फर्मको र कुनै लटमा अर्को फर्मको तथा एउटै लटमा अलग अलग फर्म, उद्योगको प्रतिनिधि भई बोलपत्र फाराम खरिद तथा दाखिला गर्न पाइने छैन । एउटै व्यक्ति एक भन्दा बढी फर्म, उद्योगको प्रतिनिधि भई बोलपत्र खरिद तथा दाखिला गरेको पाइएमा निजलाई यस समुहबाट पछि हुने कुनै किसिमको लिलाम बिक्रिमा समावेश हुन नपाउने गरी समुहले प्रतिवन्ध लगाउने छ ।

१५) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन ।

१६) उपरोक्त बाहेक अन्य कुराको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

१७) अन्य कुराहरु बुझ्नु परेमा यस समुहको कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।

२०८३/०६/२८

राष्ट्रिय दैनिक

मेचीकाली सन्देश

Mechikali Sandesh National Daily

▪ २०८३ असोज २८ गते बुधवार ▪ 14 Oct.-2026 Wednesday ▪ पृष्ठ ८

## काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सुचना प्रकाशित मितिः २०८३/०६/२८**

श्री मायादेवी साझेदारी वन उपभोक्ता समूह, बाणगंगा नगरपालिका १०, कपिलवस्तुको आ.व. २०८२/०८३ मा पिपरा खण्डको कटान प्लटहरु ढलापढा र C1S4 बाट उत्पादन भई घाटगद्दीमा रहेको साल र अन्य जातको विभिन्न लटमा विभाजित कुल परिमाण ३७६२.०६ क्यू. फिट गोलिया काठ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनि प्रचलित कानुन बमोजिम दर्ता भएको साथै मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बरमा दर्ता भई डिभिजन वन कार्यालयमा सूचीकृत भएका इच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१औं दिनसम्ममा बोलपत्र खरिद गरी २२औं दिनको १२:०० बजेसम्ममा गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण ब्यहोराको सुचना यस समुहको कार्यालयको सुचना पाटिमा टाँस गरिएको छ।

अध्यक्ष

सम्पर्क नं.: ९८४७३०२२१३

**मायादेवी साझेदारी वन उपभोक्ता समुह**

बाणगंगा न.पा.-१०, कपिलवस्तु

मायादेवी साझेदारी वन उपभोक्ता समुह, बाणगंगा न.पा.-१०, कपिलवस्तुको काठ दाउरा लिलाम बिक्रि सम्बन्धी मेचीकाली सन्देश राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक मिति २०८३/६/२८ गते प्रकाशित सुचना